## पाठ - 10
## नबी ﷺ मदीनामा

## الدرس العاشر - نيبالي
## النبي ﷺ في المدينة

नबी ﷺ ले ऊँटनी बसेको ठाउँ त्यसको मालिकबाट किनेर त्यसमा मस्जिद निर्माण गर्नु भयो, र मोहाजिर (मक्काबाट आएको साथीहरु) र अन्सार (मदीनाको मुस्लिमहरु) बीच भाइको नाता जोडनु भयो, हरेक अन्सारीलाई एक मोहाजिरको भाइ बनाउनु भयो, जुन् उसको धन र समपत्तिमा भागिदार हुन्थ्यो, र यस प्रकार मोहाजिर र अन्सार एक अर्का सँग मिलेर काम शुरु गर्नु भयो, र आपसमा भाइचारा बढदै गयो ।
मदीनामा यहुदीहरु सँग कुरैशको निकै सम्बन्ध थियो, उनीहरु द्वारा कुरैशले मुस्लिमहरुको बीचमा फुट डालने प्रयास गर्नु हुन्थ्यो, र यति मात्र होइन बरु कुरैशले त मुस्लिमहरुलाई समाप्त र नष्ट गर्नको पनि धम्कि दिने गर्नु हुन्थ्यो, तसर्थ मुलिमहरुलाई बाहिर र भित्र दुवै तर्फबाट खतरा थियो, मामला यति गमभिर भयो कि रसूल ﷺ को साथीहरु रातमा सुतने समय पनि साथमा हतियार राख्न थाले, यस्तो कठिन प्रस्तिथीमा अल्लाह तआलाले युद्धको अनुमति प्रदान गर्नु भयो, त्यस पछि रसूल ﷺ ले दुशमनको क्रयाकलापको जानकारिको लागि सैनिक टोली पठाउन थाल्नु भयो, र त्यस्तै उनीहरु माथि दबाउ डालनका लागि र आफ्नो क्षमता र शक्ति प्रमाणित गर्नका लागि व्यापारि टोलीहरुलाई पनि निशाना बनाउन लागे, ताकि उनीहरु सँग समझौता होस र इस्लाम माथि हिंडने र त्यसको प्रचार प्रसार गर्ने कर्ममा सवतन्त्रता प्राप्त होस, जस्तो कि केहि कुलहरु सँग रसूल ﷺ ले संवय बार्ता र समझौता गर्नु भयो ।

**बद्रको ठुलो युद्ध** एक समयमा रसूल ﷺ ले सिरियाबाट फर्कदै आएको कुरैशको एउटा व्यापारि टोलीको सामुन्ना गर्ने बिचार गर्नु भयो, र त्यसका लागि ३१३ मानिसहरुको साथ निसकनु भयो, साथमा दुइवटा घोडा र ७० ऊँट थिए, कुरैशको टोलीमा एक हजार ऊँट थिए, र अबुसुफियान उनीहरुको नेता र अगुवा हुनु हुन्थ्यो, टोलीमा जम्मा ४० जना थिए,
तर अबुसुफयान लाई मुस्लिमहरुको कारवाहि बारे थाहा भइसक्यो, र प्रस्तिथीको खबर मक्कावासीहरुलाई छिटै पठाइ दियो, र मद्दतको गुहार लगाउनु भयो, र बाटो काटेर अर्कै बाटोमा लागनु भयो, र यस प्रकार मुस्लिमहरुको फेलामा पर्नु भएन, यहाँ कुरैशले एक हजार लडाकु सैनिक लिएर निस्कनु भयो, बाटोमा अबुसुफयानको सन्देष्टाले आएर टोलीको सुरक्षित हुने खबर दिनु भयो, र वापस मक्का फर्किने सल्लाह पनि दिनु भयो, तर अबुजहल यस कुराबाट सहमत भएन र अगाडि हिंडदै गयो ।
यता रसूल ﷺ लाई जब कुरैशको निस्कने बारे जानकारि भयो त साथीहरु सँग सल्लाह लिनु भयो, र नासतिकहरु सँग भिडन्त गर्ने कुरामा सबैले सहमति व्यक्त गर्नु भयो, हिजरतको दोश्रो बर्ष १७ रमजानको बिहान दुवै समुहमा भिडन्त भयो, र मुस्लिमहरुको विज्यताका साथ युद्ध समाप्त भयो, मुस्लिमहरु मध्ये १४ व्यक्ति शहीद हुनु भयो, र नासतिकहरु मध्ये ७० व्यक्तिको हत्या भयो, र त्यस्तै अर्को ७० व्यक्ति बन्दी भए, युद्ध कै समयमा रसूल ﷺ को छोरि हजरत उसमान बिन अफान رضي الله عنه को स्वासनी रोकैया رضي الله عنها को देहान्त भयो, उहाँको श्रीमान हजरत उसमान رضي الله عنه युद्धमा भाग लिनु भएनन् बरु आफनो बिरामी श्रीमति सँग रसूल ﷺ को आज्ञा अनुसार त्यहिं मदीनामा बस्नु भयो, र युद्ध पछि रसूल ﷺ ले हजरत उसमान رضي الله عنه सँग आफ्नो अर्को छोरि उम्मे कुलसुम رضي الله عنها लाई विवाह गर्नु भयो, यस कारणले हजरत उसमान رضي الله عنه लाई जुन्नुरैन भनिन्छ , किन भने उहाँले रसूल ﷺ को दुइवटा छोरि सँग विवाह गर्नु भएको छ ।
बद्रको युद्ध पछि अल्लाहको मद्दत प्रति खुशी व्यक्त गर्दै मुस्लिमहरु मदीना वापस फर्किनु भयो, साथमा बन्दी बनाइएको व्यक्तिहरु र दुशमनबाट प्राप्त भएको माल पनि थियो, बन्दीहरु मध्ये कसैले पैसा दिएर छुटनु भयो, कसैले बिना पैसाको सित्तैमा छुटनु भयो, र कसैले बदला मुस्लिमहरुको १० वटा बच्चाहरुलाई लेखन पढन सिखाउनु भयो ।